# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७४ श्रावण १५ गते, आईतबार**

महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको विधि, प्रक्रिया र लेखापरीक्षणको नतिजा तथा लेखापरीक्षणको प्रभाव बढाउन संचार माध्यमको भूमिका विषयमा संचार माध्यमहरु संग २०७४ श्रावण १४ र १५ गते धुलीखेल, काभ्रेपलाञ्चोकमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोर प्रसाद उपाध्याय, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, उप महालेखा परीक्षकज्यूहरु, व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका सचिव र विभिन्न २७ संचारमाध्यमहरुका संचारकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा महालेखा परीक्षकको जिम्मेवारी, दायित्व, लेखापरीक्षण गर्दा अपनाउने मानदण्ड, निर्देशिकाहरु, बेरुजू, सम्परीक्षण, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएका विषयहरु, महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०), सार्वजनिक लेखा समितिको कार्यप्रक्रिया र भूमिका र सार्वजनिक वित्तिय प्रशासनका विविध पक्षहरुमा संचारकर्मीहरुलाई जानकारी गराइएको थियो ।

महालेखा परीक्षकको कार्ययोजना अनुरुप आयोजना गरीएको उक्त कार्यक्रममा व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोर प्रसाद उपाध्यायज्यूले सार्वजनिक वित्तिय सुशासनको लागि महालेखा परीक्षक र सार्वजनिक लेखा समितिको मात्र नभई संचार माध्यमहरुको पनि महत्वपूर्ण भूमिका रहने हुँदा संचार माध्यमबाट सोही अनुरुप योगदान हुने अपेक्षा गरिएको बताउनुभयो । सोही अवसरमा माननीय महालेखा परीक्षकज्यूबाट संविधान ऐन कानून बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताका पक्षहरुलाई विचार गरी लेखापरीक्षण गर्न कार्यालय दत्तचित्त रहने बताउनु भयो । उक्त अवसरमा कार्यालयले गरेका सुधारका प्रयासहरुको बारेमा समेत संचारकर्मीलाई जानकारी गराउनु भयो । साथै उहाँले लेखापरीक्षणको नतिजालाई जनस्तरसम्म पुऱ्याई वित्तिय अनुशासन कायम राख्न सार्वजनिक निकायहरुलाई दबाब दिने कार्यमा संचार क्षेत्रको भूमिका महत्वपूर्ण रहने हुदाँ सहकार्य गर्नुपर्ने मन्तव्य राख्नु भएको थियो ।

अशोक कुमार कार्की
निर्देशक/सहायक प्रवक्ता